# पाँचथर पावर कम्पनि लिमिटेड
Panchthar Power Company Limited

हात्तिवन, ललितपुर, फोन नं.: ०१-५२५१००३, ५२५१००४
Email : ppchewa@gmail.com, website: www.ppcl.com.np


## नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१/१०/०३ गते बिहीवार)**

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८१ साल माघ २ गते अपरान्ह ४:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न कम्पनीको ९ (नवौं) वार्षिक साधारणसभा देहायको मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागी कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

१. **सभा हुने मिति, समय र स्थान :**

**मिति :** वि.सं.२०८१ साल माघ २४ गते (तदनुसार फेब्रुअरी ०६, २०२५) बिहीबार ।

**समय :** विहान ११:०० बजे ।

**स्थान :** होटेल इम्पेरियल, बत्तिसपुतली, काठमाण्डौ ।

२. **छलफलका विषयहरु:**

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको नवौं वार्षिक (आर्थिक वर्ष २०८०/०८१) प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२. लेखापरीक्षकद्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत सोसंग सम्वन्धित अनुसुचीहरु उपर छलफल गरि पारित गर्ने सम्वन्धमा ।

३. आर्थिक वर्ष २०८१/०८२ को लागी लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

४. सञ्चालकहरुको निर्वाचन सम्वन्धमा ।

**ख. विशेष प्रस्तावहरु :**

१. कम्पनीको हाल कायम चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा विद्युत नियमन आयोगबाट पूर्व स्वीकृति लिई (विद्युत नियमन आयोगमा पूर्व स्वीकृतिको लागि निवेदन पेश गरिएको) हकप्रद शेयर निष्काशन गर्ने र सो अनुसार प्राप्त हुने रकमको उपयोग वारेमा संचालक समितिले गरेको निर्णय सम्वन्धमा ।

२. अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने गरि प्रवन्धपत्रको दफा ६ मा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।

३. उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतिको लागि पेश हुँदा नियमनकारी निकायबाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा हकप्रद शेयर निष्काशन सम्बन्धमा थप अन्य कार्यहरु समेत गर्न परेमा सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**ग. विविध :**

### साधारण सभा सम्बन्धी थप सामान्य जानकारी

१. नवौं वार्षिक साधारणसभा प्रयोजनका लागी मिति २०८१/१०/११ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१/१०/१० गतेसम्म कारोबार भई शेयर खरिद गरि आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिनको लागि योग्य हुनेछन् ।

२. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान १०:०० बजेदेखि खुल्ला रहनेछ । शेयरधनीको उपस्थितीबाट प्रचलित ऐनको ब्यवस्था वमोजिम सभाका लागी आवश्यक गणपुरक संख्या पुरा भए पश्चात सभाको कार्यवाही अगाडी बढाइनेछ ।

३. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।

४. कुनै शेयरधनी महानुभावले छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा सात (७) दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत रहनेछ ।

५. सञ्चालक निर्वाचनको विस्तृत कार्यक्रम निर्वाचन अधिकृतको कार्यालय हातिवन, ललितपुरमा प्रकाशित हुने भएकोले त्यस सम्बन्धमा थप जानकारी प्राप्त गर्न ईच्छुक शेयरधनी तथा उम्मेदवारले कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

६. सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले कम्पनीको रजिष्टर्ड कार्यालय हातिवन, ललितपुरमा प्रकाशित निर्वाचन सम्बन्धी कार्यक्रमको सूचनामा उल्लेखित मितिमा निर्धारित समय भित्र कम्पनीको शेयरधनी प्रस्तावक र अर्को एक जना शेयरधनी समर्थक सहित तोकिएको ढाँचा बमोजिम आफ्नो उम्मेदवारीको दरखास्त दर्ता गर्नु पर्नेछ । उम्मेद्वारीबाट आफ्नो नाम फिर्ता लिन चाहेमा समेत सोहि निर्वाचन सम्बन्धी कार्यक्रम बमोजिम आफ्नो नाम फिर्ता लिन दरखास्त दर्ता गर्नुपर्नेछ । सञ्चालक पदमा उम्मेदवारी दिने शेयरधनी अन्य उम्मेदवारको प्रस्तावक वा समर्थक हुन सक्ने छैन ।

७. सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुने शेयरधनीले कम्पनी ऐन, २०६३ बमोजिम आवश्यक न्युनतम शेयर लिई प्रचलित कानुन बमोजिम सञ्चालक हुन योग्य रहेको हुनपर्दछ ।

८. यस कम्पनीको सञ्चालकको निर्वाचन निर्देशिका तथा निर्वाचन सम्बन्धी अन्य जानकारी र कार्यक्रम सम्बन्धी सुचना कम्पनीको रजिष्टर्ड कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

९. वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ । साथै, अन्य थप जानकारी कम्पनीको वेवसाइट www.ppcl.com.np मार्फत समेत प्राप्त गर्न सक्नु हुनेछ ।

**संचालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**